Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

"कृषि , पर्यटन, विकास र पूर्वाधार :समृद्ध रौतामाई निर्माणको आधार"

# रौतामाई गाउँपालिका

## १७ औं गाउँ सभा

# वार्षिक विकास योजना २०८२/०८३

**प्रकाशक**

**रौतामाई गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

**रौतामाई गाउँपालिका १७ औं गाउँसभा**

**वार्षिक विकास योजना २०८२/०८३**

| | | |
|---|---|---|
| **प्रकाशक** | : | राताैमाई गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय, भुट्टार, उदयपुर |
| **सर्वाधिकार** | : | प्रकाशकमा |
| **प्रकाशन मिति** | : | २०८२, |
| **कम्प्युटर सेटिङ्ग** | : | विकास थापा मगर |
| **मुद्रण** | : | कार्की छापाखाना, गाईघाट, |

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# दुई-शब्द

संवैधानिक व्यवस्था अनुरूप संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरि तीन तहको सरकारको व्यवस्था भई पहिलो आवधिक निर्वाचन २०७४ मा सम्पन्न भयो । दोस्रो आवधिक निर्वाचन २०७९ मा सम्पन्न भई हामी निर्वाचित भएका छौं । यो संघीयताको स्थानीय तहको निर्वाचन पहिलो र दोस्रो निर्वाचन पश्चात हामी दोस्रो कार्यकालमा निर्वाचित भएर आईरहँदा हामीले चौथो बजेट २०८२ असाढ १० गते ल्याएका छौं अर्थात स्थानीय तहको बजेट कार्यान्वयन वर्ष नवौं वर्ष भएको छ । यो स्थानीय तहको मोडलमा जानु अगाडी गा.वि.स.हरू थिए तर आजको जस्तो अधिकार सम्पन्न थिएनन् । जनताको विविध समस्या र आवश्यकतालाई पूरा गर्नका लागि आजको जस्तो सरल र सहज थिएन । जिल्ला सदरमुकामको विभिन्न जिल्ला स्थित कार्यालयहरूमा धाउनु पर्ने बाध्यता थियो । सदरमुकाम धाएर समयमा काम नहुने, धेरै अड्डाहरूमा अड्डै पिच्छे चाकडी गर्नुपर्ने । आफ्नो सबै कार्यालयहरूमा पहुँच नपुगेपछि पाटी पिच्छेका नेताहरू गुहार्नु पर्ने जस्ता विविध समस्याहरू झेल्नु पर्ने बाध्यताहरू थिए । सबै जनताको सहज पहुँच पुग्दैनथियो ।

राज्य पुनःसंरचना जब स्थानीय तहको संरचना बन्यो त्यस पश्चात नजिकको र आगनको सरकार स्थानीय सरकार बन्न पुग्यो जो जनताले प्रत्यक्ष सरकारको अनुभुति गर्न सक्ने, जो कोहीले सरकारसँग प्रत्यक्ष सरोकार राख्न सक्ने, सरकार भएको महशुस गर्न सक्ने भयो । विगत जिल्ला केन्द्रित विभिन्न कार्यालयहरूबाट सेवा लिनुपर्ने बाध्यता थियो भने आज त्यो झनझटमुक्त भएको अवस्था छ । अदालत, मालपोत र नागरिकता प्राप्तिका समस्या बाहेक धेरै भन्दा धेरै जनताका समस्या र आवश्यकता स्थानीय तहबाट प्राप्त भएको छ । यो स्थानीय तहको सरकारले गाउँ गाउँमा, वस्ति वस्तिमा सेवा प्रदान गर्न थालेको आठ वर्षमा गाउँ घरमा राजनैतिक व्यवस्था सँग सँगै गाउँ घर र जनताका अवस्थामा पनि उल्लेखनिय परिवर्तन भएको छ । यति धेरै परिवर्तन हुँदा हुँदै पनि धेरै भन्दा धेरै समस्याहरू अझै पनि बाँकी नै छन् । बाटाघाटाहरू, कृषि, स्वास्थ्य, शिक्षामा अपेक्षाकृत सुधार ल्याउन अझै बाँकी छ ।

अतः राजनैनिक संघीयता, प्रशासनिक संघियता र वित्तिय संघीयता संविधानमा व्यवस्था भएता पनि संविधान अनुरूप संघीय सरकारबाट वित्तिय संघीयता बजेट वितरण प्रणाली राजनैतिक दल र नेताको पहुँचभित्र अझै कायमै छ । बजेट वितरण प्रणाली नेतामुखी छ । नीतिगत रूपमा व्यवस्थापन हुन अझ बाँकी छ । तथापी पनि स्थानीय तहमा प्राप्त बजेटलाई सुशासन, पारदर्शीता र जवाफदेहितापूर्ण तरिकाबाट सिमित श्रोत साधनलाई जनताका असिमित आवश्यकतालाई पूरा गर्न हामीले हर पल हर क्षण आफ्नो जनउत्तरदायित्वलाई पुरा गर्न हामी प्रयत्नशिल छौं । हामी निर्वाचित भए पश्चात रौतामाई गाउँपालिकामा सहज र असहज परिस्थितिको बाबजुद पनि अवसर र चुनौतीसामु दृढ भई काम गरि

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

रहेकाछौं । हामीले जनताका बिचमा निर्वाचन ताका आफ्ना चुनावी घोषणापत्र मार्फत कबोल गरिएका बाचाहरू धेर थोर पुरा गर्दै लगिएको अवस्था छ । रौतामाईबासी आम आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरूको धेरै धेरै अपेक्षा भएतापनि पालिका केन्द्रसम्मको सडक पहुँच र स्वास्थ्य, शिक्षा र कृषिमा क्रमिक सुधार गर्दै लगिने कुरामा हामी लागि परिरहेकाछौं ।

अन्त्यमा यो वर्षको बिनियोजित बजेट कार्यान्वयनमा रौतामाई गाउँपालिकाका सम्पूर्ण आमा बुबा, दाजुभाइ, दिदीबहिनी, राजनैतिक पार्टीका सबै नेता कार्यकर्ता, कर्मचारी, शिक्षक, व्यापारी, बुद्धिजिवी, विद्यार्थी तथा सम्पूर्ण आम सरोकारवालाहरूको सहयोग भई आएकोमा सबैलाई धन्यवाद दिदै यो वर्षको बजेटमा पनि सबैबाट सहयोग हुने नै छ भन्ने पूर्ण विश्वासका साथ सबैमा शुभकामना व्यक्त गर्दछु । धन्यवाद ॥

**वीरेन्द्र कुमार मगर**
अध्यक्ष
रौतामाई गाउँपालिका, भुट्टार, उदयपुर

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# मन्तब्य

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गत तीन तहको सरकारहरू मध्ये स्थानीय तहको दोश्रो निर्वाचन २०७९ बैशाख ३० मा सम्पन्न भई नयाँ जनप्रतिनिधिहरूले स्थानीय तहको सरकार संचालन गरिरहेको अवस्थामा उदयपुर जिल्लाको रौतामाई गाँउपालिकामा पनि नयाँ सरकारले कार्य प्रारम्भ गरेको चौथो वर्ष भएको छ । नेपालको संविधान २०७२ ले दिएको काम, कर्तव्य र अधिकारलाई नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पूरा गर्न जनताले दिएको अभिमतलाई हृदयंगम गरि जनताको सहभागितामा अर्थपूर्ण योजना तर्जुमाको प्रकृया पुरा गरिएको छ ।

रौतामाई गाँउपालिका उदयपुरको आठ ओटै वडाहरू अन्तर्गत रहेका टोलविकास संस्थाहरू मार्फत वडामा आएको योजनाहरू, वडा कार्यालयले सिफारिस गरेका योजनाहरू, विभिन्न संघसंस्था, निकाय र व्यक्तिहरूवाट सिफारिस भई आएका योजनाहरूका साथै पालिका क्षेत्रभित्रको समग्र विकास र समृद्धिका लागि आवश्यक योजनाहरू सहभागितामूलक रूपमा पहिचान र छनौट गरि गाँउपालिकालाई प्राप्त सिलिंग बजेट तथा आन्तरिक स्रोत समेतलाई मध्य नजर गरी आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित अनुमानित बजेट, नीति, कार्यक्रम तथा निर्णयहरू रौतामाई गाँउपालिकाका जनताहरू समक्ष ल्याएका छौ ।


उदयपुर जिल्लाकै महत्वपूर्ण धार्मिक एवं पर्यटकीय स्थल रौता पोखरी यसै पालिकामा रहेकोले गाँउ पालिकाको नाम समेत रौता माताकै नामबाट रौतामाई गाँउपालिका राखिएको हुँदा यस आ.व. को बजेट तर्जुमामा समेत यस क्षेत्रको समग्र विकासलाई महत्वका साथ राखिएको छ । यसै गरि यस गाँउपालिकाको समग्र बस्तुस्थितिलाई समेत मध्य नजर गरि योजनामा समावेश गरिएको छ । यस आ.ब.को योजनाले समग्र गाँउपालिकाको साँस्कृतिक विकास, सामाजिक विकास, आर्थिक विकास, पर्यटकिय विकास, पूर्वाधार विकास, संस्थागत विकास तथा सेवाप्रवाह, वित्तिय व्यवस्थापन र सुशासन लगायतका क्षेत्रहरूमा रौतामाईका जनताहरूको पहुँच, सक्रिय सहभागिता र परिवर्तनका साथै अवसर प्राप्त हुनेछ भन्ने विश्वास हामीले लिएका छौ । यस वर्ष रौतामाई गाउँ पालिकाले शिक्षाको समग्र विकासको लागी आवश्यक बजेट बिनियोजन गरिएको छ र बजेट कार्यान्वयनमा नयाँ ढङगले कार्यक्रम बनाई शिक्षासँग सम्बन्धित कार्यक्रम संचालन गर्ने संघ संस्था संग समन्वय गरि कार्यान्वियन गरिने छ । युवा रोजगार तथा स्वास्थ्य क्षेत्रलाई प्राथामिकतामा राखी कार्यक्रम संचालन गरिनेछ ।

अन्तमा, आ.ब. २०८२/८३ को प्रस्तावित अनुमानित बार्षिक योजना तयार गर्न सहयोग गर्नुहुने रौतामाई गाँउपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, सरोकारवाला एवं शुभेच्छुकहरू सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा यस क्षेत्रको विकास र समृद्धिका लागि निरन्तर सबै पक्षहरूको सिर्जनात्मक सहयोगको अपेक्षा गर्दछौ ।

जय नेपाल !

**भुपिन्द्र बहादुर थापा**
उपाध्यक्ष
रौतामाई गाउँपालिका, भुट्टार, उदयपुर

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# मन्तव्य

नेपालको वर्तमान संविधानले तिन तहको राज्य संरचना र तिनै तहमा राज्यशक्तिको बाडफाँडको व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुरूप स्थानीय तहलाई २२ वटा एकल अधिकार र अरू संयुक्त अधिकार सूचीको व्यवस्था गरेर स्वशासन र साझेदारी शासनको परिकल्पना गरिएको छ । स्थानीय सर कार तिन तहका सरकार मध्ये जनताको सबैभन्दा नजिकमा रहेको सरकार हो । स्थानीय जनताको वास्तविक चाहना, आवश्यकता, प्राथमिकता र विशिष्टताको सम्बन्धमा तल्लो तहको सरकार पूर्ण रूपमा जानकार रहेको हुन्छ । अतः नेपालको संविधानको धारा ५९ ले दिएको आर्थिक अधिकारको प्रयोग गरी दिगो विकास लक्ष्य, १६ औं योजनाको लक्ष्य तथा उद्देश्य, मुलुकको राष्ट्रिय नीति, स्थानीय आवश्यकतालाई केन्द्रविन्दुमा राखी रौतामाई गाउँपालिकाको १७ औं गाउँसभाबाट पारित भएको यो नीति तथा कार्यक्रम र बजेटले आम पालिकाबासीको मुहारमा खुसी छाउनेछ भन्ने अपेक्षा लिएको छु ।

आ.व. २०८२/०८३ को लागी यस गाउँपालिकाले लिएको नीति, कार्यक्रम र बजेटले स्थानीय स्रोत, साधन र जनशक्तिको महतम उपयोग गर्दै कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गर्न, स्थानीय संस्कृतिको संरक्षण गर्न, पर्यटन क्षेत्रको विकास विस्तार गर्न, शिक्षा क्षेत्रमा गुणस्तर अभिवृद्धि गर्न, आम नागरिकको मौलिक हक तथा मानव अधिकारको रक्षा गर्न, कोशेढुङ्गा सावित हुनेछ भन्ने अपेक्षा लिएको छु । जनताको माग, चाहना र आवश्यकता बढ्दो क्रममा रहेको तर राजश्व बाडफाँड घट्दो क्रममा रहेको अवस्था हाम्रा सामु विद्यमान रहेको छ । यस्तो अवस्थामा आन्तरिक राजश्वमा अभिवृद्धी गर्दै पालिकाले लिएको वार्षिक नीति तथा कार्यक्रम अनुसार विकास, सुशासन र सेवा प्रवाह गदै यसको पूर्ण कार्यान्वयनमा म र मेरो प्रशासनिक टिम सदैव प्रयत्नशिल रहने प्रतिबद्धता समेत जाहेर गर्दछु ।

अन्त्यमा, यस पालिकाको आ.व. २०८२/०८३ को नीति, कार्यक्रम र बजेट निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सम्पूर्ण जनप्रनितिधि ज्यूहरू तथा कर्मचारीहरू, नीति कार्यक्रम र बजेट तर्जुमाको क्रममा आफ्ना महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने राजनैतिक दल, बुद्धिजिवी, नागरिक समाज, गैरसरकारी संस्था, समाजसेवी लगायत सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु । साथै यस बजेट तथा कार्यक्रम पूर्ण कार्यान्वयनमा सबै सरोकारवाला पक्षको सकारात्मक सहयोगको अपेक्षा गर्दै यसको पूर्ण कार्यान्वयन गर्न निरन्तर प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

**लिलाराज श्रेष्ठ**
(प्रमुख प्रशासकीय अधिकृत)
रौतामाई गाउँपालिका, भुट्टार, उदयपुर

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com   For evaluation only.

"कृषि , पर्यटन, विकास र पूर्वाधार : समृद्ध रौतामाई निर्माणको आधार"

# रौतामाई गाउँपालिका १७ औं गाउँ सभा

## वार्षिक विकास योजना २०८२/०८३

## विषय-सुची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | रौतामाई गाउँपालिकाको आर्थिक विधेयक, २०८२ | १ |
| २. | रौतामाई गाउँपालिकाको विनियोजन विधेयक, २०८२ | ३ |
| ३. | आ.व. ०८२/०८३ को वार्षिक अनुमानित आय विवरण | ५ |
| ४. | आ.व. ०८२/०८३ चालु कार्यक्रमहरू | ८ |
| ५. | आ.व. ०८२/०८३ को अनुमानित चालु व्यय स्विकृत अनुमान वडा कार्यालय तर्फको | ११ |
| ६. | आ.व. ०८२/०८३ को वार्षिक बजेटको योजना तथा कार्यक्रम (पालिका तथा विषयगत शाखाहरू) | १४ |
| ७. | आ.व. ०८२/०८३ वडागत वार्षिक बजेटको योजना तथा कार्यक्रम खर्चको अनुमानित व्ययको स्विकृत कार्यक्रम | २४ |
| ८. | आ.व. ०८२/०८३ को संघीय सरकारतर्फको योजना तथा कार्यक्रमहरू | ३३ |
| ९. | आ.व. ०८२/०८३ को प्रदेश सरकारतर्फको योजना तथा कार्यक्रमहरू | ४५ |
| १०. | अनुसूचीहरू : | |
| | अनुसूची - १ : दस्तुर सिफारिस शुल्क | ४६ |
| | अनुसूची - २ : कर तथा राजश्व | ५५ |
| | अनुसूची - ३ : सम्पत्ति कर | ७७ |
| | अनुसूची - ४ : दण्ड सजाय तथा जरिवाना | ७९ |
| | अनुसूची - ५ : प्राकृतिक स्रोत संकलन तथा बिक्री कर | ८२ |